**Kalika Prabha : Journal of Multidisciplinary Studies**
[ISSN:- 3021-9388 (Print)]
Published by Kalika Sanskrit Vidyapeeth (RMC) Nawalpur, Nepal
https//www.ksv.edu.np

# मातृत्व कथामा दृष्टिविन्दुपात्र

**त्रिभुवन बरई (विद्यावारिधि)**

*उपप्राध्यापक, भैरहवा बहुमुखी क्याम्पस*

***Article History :*** *Received : 10th, Jan. 2026; Reviewed: 12th, March 2026; Accepted: 15th; June, 2026*
***Corresponding Author*** *: Tribhuwan Barai, PhD* ***E-mail :*** *tribhuwanbarai455@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/kp.v4i1.97032* ***ORCID****: https://orcid.org/0009-0002-8900-9986*

## लेखसार

*प्रस्तुत लेखमा दृष्टिविन्दुपात्रको सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा भागीरथी श्रेष्ठद्वारा लिखित 'मातृत्व' कथाको अध्ययन गरिएको छ । उक्त कथाको दृष्टिविन्दुपात्रका माध्यमबाट अभिव्यक्त विमर्श पहिल्याउनाका निम्ति यो अध्ययन गरिएको हो । प्राथमिक एवम् द्वितीयक स्तरका सामग्रीको उपयोग गरी दृष्टिविन्दुपात्रको सैद्धान्तिक पर्याधारलाई आधार बनाई गुणात्मक अनुसन्धान ढाँचा र पाठविश्लेषणात्मक शोधविधि अपनाई यस लेखलाई पूर्ण बनाइएको छ । वैदेशिक रोजगारीगत पीडाको यथार्थाङ्कन, पुरुषको प्रभुत्ववादी, स्वार्थी र पतनोन्मुख अवस्थाको अभिव्यक्ति तथा मातृत्वको रक्षा र सन्तानप्रतिको दायित्वको सर्वोपरिता गरी तीनओटा सूचकका केन्द्रीयतामा प्रस्तुत कथाको विश्लेषण यस लेखमा गरिएको छ । यस लेखको अन्त्यमा देशमा यथेष्ट रोजगारीको सिर्जना भई सम्पूर्ण नेपालीलाई नेपालमै बस्ने परिवेशको निर्मिति हुनुपर्ने, नेपालीहरू आफ्नै देशमा बसी रोजगार, व्यवसाय आदिका माध्यमबाट आयआर्जन गरी जीवनयापन गर्नुपर्ने, वैदेशिक पलायन रोकिनुपर्ने, पुरुषहरू संवेदनशील र जवाफदेही भई महिला एवम् अन्य व्यक्तिका छोराछोरीप्रति मानवोचित व्यवहार गर्नुपर्ने, महिलाहरूको विषम परिस्थितिलाई स्वार्थपूर्तिका निम्ति अवसर नबनाई उनीहरूसित लैङ्गिक समतायुक्त व्यवहार गर्नुपर्ने, महिलाहरूले पुरुषहरूसित बडो संवेदनशीलता र होसियारीपूर्वक सम्बन्ध कायम गर्नुपर्ने, महिला र पुरुष दुबैले सामाजिक लोकाचार र नैतिकताका दृष्टिले आफूलाई जोगाउनुपर्ने, महिलाले मातृत्वको रक्षा र सन्तानप्रतिको दायित्वलाई सर्वोपरि महत्त्व दिनुपर्ने एवम् सकारात्मकता, जीवनमूलप्रवृत्ति र लोककल्याणको अवधारणामा आधारित आचरण र व्यवहार अवलम्बन गर्दामात्र मानव जीवनको सार्थकता र जीवनमूल्यको रक्षा भई मानव जीवन अनुकरणीय र प्रेरणादायी बन्न सक्ने विमर्श, यस्तो पद्धतिको प्रयोगले एकल पात्रीय सारवस्तुगत पद्धतिलाई कलात्मक परिपाकमा पुऱ्याई यस कथालाई कलात्मक बनाएको तथा एकमात्र दृष्टिविन्दुपात्रको केन्द्रीयतामा कथाकारले जनहितकारी साहित्यरचना एवम् अध्येता र*

*समालोचकले साहित्यिक कृतिमा चित्रित विमर्शको अध्ययन गर्ने कार्यमा सघाउने निष्कर्ष प्राप्त हुनुलाई निष्कर्षात्मक प्राप्तिका रूपमा प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी :** दृष्टिविन्दु, प्रभुत्व, लैङ्गिकता, समता, समाख्याता ।

## विषयपरिचय

वैदेशिक रोजगारीको पीडा, घरको अभिभावकको अल्पायुमै मृत्यु हुँदा सम्बद्ध परिवारमाथि आइपर्ने सङ्कट तथा मातृत्व रक्षा एवम् महिलाले सन्तानप्रतिको दायित्व इमानदारी र संवेदनशीलताका साथ पूरा गर्नुपर्ने विषयमा आधारित 'मातृत्व' नेपाली साहित्यकी महिला कथाकार भागीरथी श्रेष्ठको सचेततायुक्त कथा हो । पुरुषहरूको स्वार्थी, प्रभुत्ववादी र पतनोन्मुख आचरण र व्यवहारका कारण मानव मूल्यको ह्रास भइरहेकाले पुरुषजाति संवेदनशीलता र जवाफदेहिताका साथ सकारात्मकता, जीवनमूलप्रवृत्ति र लोककल्याणकारी विचारधाराबाट अभिप्रेरित भई मानव समाजको स्तरवृद्धि हुने एवम् समाजका निम्ति अनुकरणीय बन्न सक्ने आचरण र व्यवहार अवलम्बन गर्नुपर्ने विमर्शको द्योतन पनि उक्त कथामा गरिएको छ । समाजमा विकृत मानसिकतायुक्त पुरुषहरू पनि रहेकाले महिलाजातिले प्रेमी वरण गर्दा बडो सावधानी अपनाउनुपर्ने विचारको अभिव्यञ्जना पनि उक्त कथामा गरिएको छ । अतः मातृत्वको रक्षा र सन्तानप्रतिको दायित्वको सर्वोपरिता तथा जीवनमूल्यको संरक्षणको केन्द्रीयतामा रचित प्रस्तुत कथाका विषयमा अनुसन्धानपरक अध्ययन गर्नुपर्ने देखिन्छ ।

कथाको रचनामा सर्वाधिक महत्त्वको भूमिकामा आबद्ध हुने, कथा प्रस्तुत गर्ने माध्यम पात्रका रूपमा रहने, कथाकार र पाठकका बिचमा सम्बन्ध जोड्ने, कथामा आद्यन्त उपस्थित रहने तथा जीवनजगत्सम्बन्धी लेखकीय धारणा, दर्शन र विचार सम्प्रेषण र बोध गर्ने प्रमुख आधारका रूपमा कथामा क्रियाशील हुने पात्रलाई दृष्टिविन्दुपात्र भनिन्छ । साहित्यिक कृतिका माध्यमबाट अभिव्यञ्जित वैचारिक पक्ष नै विमर्श हो । एकातिर कथाकारले दृष्टिविन्दुपात्रका माध्यमबाट आफ्ना धारणा, दर्शन र विचार पाठकसमक्ष पुऱ्याउँछन् भने अर्कातिर सोही पात्रकै केन्द्रीयता र माध्यमबाट पाठकले कथाको विमर्शात्मक पक्षको सहजतासाथ बोध गर्दछन् । कलात्मक गद्य भाषामा संरचित तथा दृष्टिविन्दुपात्रको केन्द्रीयतामा लोककल्याणकारी विमर्शको प्रस्तुति गर्ने लघु आख्यानयुक्त श्रव्यपाठ्य साहित्यिक विधा नै कथा हो । यस्तो अभिलक्षण अवलम्बन गर्ने एउटा महत्त्वपूर्ण कथाका रूपमा भागीरथी श्रेष्ठको 'मातृत्व' कथा रहेको छ । स्वतन्त्र लेखनपद्धतिमा आधारित केही अध्ययन गरिए पनि विमर्शको प्रस्तुति र बोध गर्ने कार्यमा सघाउने दृष्टिविन्दुपात्रको सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा यस कृतिको गहन अध्ययन गर्ने कार्यको अभाव देखिन्छ । यसै अभावको परिपूर्तिका निम्ति यो अध्ययन गरिएको हो । अतः दृष्टिविन्दुपात्रको सैद्धान्तिक अवधारणाका आधारमा उक्त कथामा द्योतित विमर्शात्मक पक्षको मूल्याङ्कन गर्नुलाई यस लेखको मुख्य प्राज्ञिक समस्याका रूपमा वरण गरिएको छ । यसै प्राज्ञिक समस्यालाई शोधमूलक ढङ्गले समाधान गर्नाका निम्ति 'भागीरथी श्रेष्ठको मातृत्व कथाको दृष्टिविन्दुपात्रका

माध्यमबाट केकस्ता विमर्शहरूको अभिव्यक्ति गरिएको छ ?' लाई यस लेखको शोधप्रश्न तथा 'भागीरथी श्रेष्ठको मातृत्व कथाको दृष्टिविन्दुपात्रका माध्यमबाट अभिव्यञ्जित विमर्शहरूको खोजी र विश्लेषण गर्नु' लाई यस अध्ययनको उद्देश्य बनाइएको छ ।

मौलिक अध्ययन पद्धति र लोककल्याणकारी विचारधारामा आधारित भई पूर्णता प्रदान गरिएको प्रस्तुत लेखले स्रष्टालाई दृष्टिविन्दुपात्रको केन्द्रीयतामा विमर्शको प्रस्तुति गर्ने विधि अपनाई आख्यानात्मक कृतिको सिर्जना, समालोचक र अध्येतालाई आख्यानात्मक कृतिको मूल्यनिरूपण तथा पाठकलाई दृष्टिविन्दुपात्रका कोणले सहजतासाथ आख्यानात्मक कृतिको विमर्शात्मक पक्षको आस्वादन गर्ने कार्यमा सघाउने भएकाले पुस्तकालयीय प्रयोजनका दृष्टिले प्रस्तुत शोधलेख उपादेयपूर्ण रहेको कुरा प्रस्ट हुन्छ । यसैगरी भागीरथी श्रेष्ठको 'मातृत्व' कथाको मात्र विश्लेषण गर्नुलाई यस लेखको कृतिगत तथा दृष्टिविन्दुपात्रका माध्यमबाट अभिव्यक्त विमर्शात्मक पक्षअन्तर्गतका वैदेशिक रोजगारीगत पीडाको यथार्थाङ्कन, पुरुषको प्रभुत्ववादी, स्वार्थी र पतनोन्मुख अवस्थाको अभिव्यक्ति तथा मातृत्वको रक्षा र सन्तानप्रतिको दायित्वको सर्वोपरिता गरी तीनओटा विश्लेषणीय प्रारूपको मात्र उपयोग गर्नुलाई यस लेखको सैद्धान्तिक क्षेत्र मानिएको छ । त्यसैगरी भागीरथी श्रेष्ठको 'मातृत्व' कथाबाहेकका अन्य कृति तथा दृष्टिविन्दुपात्रअन्तर्गतको सारवस्तुगत पक्षका उपर्युक्त सूचकबाहेकका अन्य पक्षको अध्ययन नगरिनुलाई यस अध्ययनको कृतिगत र सैद्धान्तिक सीमा मानिएको छ ।

## अध्ययनको विधि

प्रस्तुत लेखमा अवलम्बित सामग्रीसङ्कलन, सैद्धान्तिक पर्याधार एवम् विश्लेषणीय प्रारूप र विधिलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

### सामग्रीसङ्कलन

प्रस्तुत लेखका निम्ति आवश्यक सामग्रीको सङ्कलन पुस्तकालयीय स्रोतबाट गरिएको छ । यस लेखमा आधारभूत सामग्रीका रूपमा भागीरथी श्रेष्ठको 'मातृत्व' कथाको प्रयोग गरिएको छ । उक्त सामग्रीको छनोटमा सोद्देश्य नमुना छनोट विधिको उपयोग गरिएको छ । यस अध्ययनका निम्ति निर्धारित विश्लेषणीय प्रारूपका केन्द्रीयतामा उनको *क्रमशः* कथासङ्ग्रहभित्रका 'भुँचालो', 'उदारता', 'अविश्वासको आकाश', 'समर्पण', 'जीवनदान', 'मातृत्व', 'चुरीका टुक्राहरू', 'धर्मपुत्र', 'आत्मसन्तुष्टि', 'असमानता', 'क्रमशः' 'मोहभङ्ग', 'मरुभूमिमा एउटा फूल', 'एक मुस्लो कुहिरो' र 'आकर्षण' गरी पन्ध्रओटा कथाहरूको सूक्ष्म अध्ययन गरी 'मातृत्व' कथाको विमर्शप्रस्तुतिमा दृष्टिविन्दुपात्रको सशक्त प्रयोग देखिएकाले प्रस्तुत कथाको छनोट गरिएको हो । सहायक सामग्रीका रूपमा दृष्टिविन्दुपात्रको सैद्धान्तिक पर्याधार एवम् विश्लेषणीय प्रारूप र विधिको निर्धारण गर्नाका निम्ति विभिन्न लेखक एवम् अध्येताद्वारा गरिएका पूर्व अध्ययनहरूलाई उपयोगमा ल्याइएको छ ।

## सैद्धान्तिक पर्याधार

कथाको संरचनानिर्मितिमा केन्द्रीय भूमिका वहन गर्ने तथा कथाको विमर्श प्रस्तुति र बोधको आधार तय गर्ने पात्र नै दृष्टिविन्दुपात्र हो । कथाका कथानक, पात्र, सारवस्तु र दृष्टिविन्दुको विधानमा सर्वाधिक महत्त्वको भूमिकामा रहने, समाख्याताले कथा प्रस्तुत गर्ने माध्यम पात्रका रूपमा रहने, कथाकार, समाख्याता र पाठकका बिचमा सम्बन्ध जोड्ने, कथामा आद्यन्त उपस्थित रहने तथा जीवनजगत्सम्बन्धी लेखकीय धारणा, दर्शन र विचार सम्प्रेषण र बोध गर्ने प्रमुख आधारका रूपमा कथामा क्रियाशील हुने पात्र नै दृष्टिविन्दुपात्र हो (बरई, २०८०, पृ.२४६) । संसारको अनुभूति गराउने पात्र नै दृष्टिविन्दुपात्र हो (Kress, 2013, p.157) । कथामा व्यक्तिका अमूर्त भावसंवेग, संवेदना र अनुभूतिहरूका साथै भौतिक गतिविधिहरू अभिव्यक्त गर्ने एक वा एकभन्दा बढी पात्रहरूलाई दृष्टिविन्दुपात्र भनिन्छ (श्रेष्ठ, २०७९, पृ.६२) । यस पात्रले कथाका अन्य तत्त्वहरूको विधानलाई प्रभावित पार्दछ । कथाका तत्त्वहरूको केन्द्रमा यही पात्र नै रहन्छ (Kress, 2013, p.158) । समाख्याताले यसै पात्रको माध्यमबाट कथालाई गति प्रदान गर्दछ । कथा, कथाकार, समाख्याता र पाठकका बिचमा सम्बन्ध स्थापित गर्ने कार्य पनि यसै पात्रले गर्दछ (बरई, सन् २०२४, पृ.१४०) । कथाकारले यसै पात्रलाई आफ्नो विचार र दर्शन प्रस्तुतीकरणको आधार बनाउँछ (Kress, 2013, p.170) । पाठकले यसै पात्रको सेरोफेरो र केन्द्रीयतामा रही कथाको पठन गर्दा सहजै रूपमा कथाको संरचनात्मक र विचारतत्त्वगत पक्षको बोध गरी कृतिको हरेक पक्षसँग अवगत हुन सक्दछ (बरई, सन् २०२४, पृ.१४०) । आन्तरिक केन्द्रीय दृष्टिविन्दुमा समाख्याताकै जीवनका कथाव्यथा, आरोहअवरोह, जीवनभोगाइ, अनुभूति आदि प्रस्तुत गरिन्छ (बरई, २०८०, पृ.९७) । उल्लिखित तथ्यले कथाको संरचनानिर्मितिमा रहने दृष्टिविन्दुपात्रको उपादेयतालाई छर्लङ्ग्याएका छन् ।

कथामा अभिव्यक्त विमर्शात्मक पक्षको बोध गर्ने आधारका रूपमा दृष्टिविन्दुपात्र रहेको हुन्छ । कुनै कृतिमा समाहित विचारधारा पक्रने र बोध गर्ने सरलतम विधि र प्रक्रियाका रूपमा दृष्टिविन्दु रहेको हुन्छ (शर्मा, २०६६, पृ.१२६) । कृतिमा निहित जीवन, जगत् र वास्तविकता अर्थात् विचारधाराको अभिरचना प्रक्रिया पहिल्याउँदै आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक आदि कुन प्रकारको विचारधाराको प्रयोग गरिएको छ भन्ने कुराको पहिचान अध्येताले गर्नुपर्दछ (शर्मा, २०६६, पृ.१२७) । कृतिका हरेक कुरा दृष्टिविन्दुपात्रकै आँखाबाट पाठकले जस्ताको तस्तै रूपमा बोध गर्न सक्दछ (Kress, 2013, p.196) । प्रोफेसर बुथका अनुसार आख्यानको कलात्मकता पुरुष प्रयोगमा नबुझ्री दृष्टिविन्दुपात्र गुणात्मक दृष्टिले बौद्धिक, अबौद्धिक, विचित्र र सामान्य भएनभएको कुराका आधारमा बोध गर्नुपर्दछ ( नेपाल, सन् २०११, पृ.१०८ मा उद्धृत) । उल्लिखित तथ्यहरूले कृतिको वैचारिक पक्ष दृष्टिविन्दुपात्रसँग जोडिएको हुनाले अध्येताले कृतिमा प्रयुक्त दृष्टिविन्दुपात्रकै दृष्टिले कृति अध्ययन गर्दा प्रभावकारी हुने कुरालाई छर्लङ्याएका छन् । कथासंरचनामा दृष्टिविन्दुपात्रले महत्त्वपूर्ण भूमिका राख्ने भएकाले

लेखकहरूले यस पात्रको चयन र चरित्राङ्कनमा विशेष ध्यान पुऱ्याउनुपर्दछ (बरई, २०८०, पृ.२४६)। दृष्टिविन्दुपात्रलाई आफ्नो अवस्थामा नभई पात्रकै अवस्थामा राख्न सक्ने सामर्थ्य, अन्तर्ज्ञान, अन्तर्दृष्टि, गहन अनुभव र सूक्ष्म अवलोकन गर्न सक्ने क्षमता कथाकारमा हुनुपर्दछ (श्रेष्ठ, २०३९, पृ.१९०)। दृष्टिविन्दुपात्रको अभावमा कथामा मानवीय अनुभूतिहरू आभासित नहुने र दृष्टिविन्दुपात्रको अभावमा कथा मूल्यहीन (मृत) हुन सक्ने विचार दयाराम श्रेष्ठ (२०७९) को रहेको छ (पृ.६५)। लेखकले आधिकारिक विचारका लागि दृष्टिविन्दुपात्रको चयन गर्दा त्यस पात्रले संसारलाई कसरी बुझिरहेको छ ? उसले आफ्नो वातावरणलाई कतिको बुझिरहेको छ ? के कुरा लिने वा बेवास्ता गर्ने हो ? के कुरा सिक्ने हो ? सिकेको कुरासँग के गर्ने हो ? जस्ता प्रश्नहरूलाई आधार बनाउनुपर्दछ (Vogrin, 2003, p.97) । लेखकले सबभन्दा बढी त्याग गर्न र ज्ञान दिन सक्ने पात्रलाई दृष्टिविन्दुपात्रका रूपमा चयन गर्नुपर्दछ (Brown, 2021, www.masterclass.com) . कथाको चरमोत्कर्षतामा दृष्टिविन्दुपात्रको उपस्थिति अनिवार्य मानिन्छ (Kress, 2013, p.196) . उपर्युक्त तथ्यहरूले कथासंरचनामा दृष्टिविन्दुपात्रको चयन र प्रयोगको विषय बढी संवेदनशील र महत्त्वपूर्ण भएकाले यस्तो पात्रको चयन र चरित्राङ्कनमा विशेष ध्यान पुऱ्याउनुपर्ने कुरालाई प्रस्ट्याएका छन् ।

जीवनजगत्सँग सम्बद्ध पक्षहरूको अङ्कन गर्नाका निम्ति कथाकारहरूले दृष्टिविन्दुपात्रलाई आधार बनाउँछन् । जीवनसम्बन्धी आफ्ना दृष्टिकोण, अवधारणा, सामाजिक गतिविधि, मानवीय जीवनपद्धति, समाजको यथार्थता आदिको प्रस्तुतीकरण त्यसै पात्रका माध्यमबाट गर्दछन् (बरई, २०८०, पृ.२४६)। लोकव्यवहार र सामाजिक जीवन त्यसै दृष्टिविन्दुपात्रमै समाहित हुने भएकाले र ती कुराहरू स्वयम् पाठकसँग समेत कुनै न कुनै रूपले सम्बन्धित देखिनाले पाठकहरू ती पात्रहरूप्रति विशेष किसिमले आकर्षित हुन्छन् (Brown, 2021, www.masterclass.com)। पाठकले कथाको पठन गर्दा दृष्टिविन्दुपात्रमार्फत विभिन्न प्रकृतिका सामाजिक गतिविधि एवम् लोकव्यवहारसम्बन्धी तथ्यहरूबारे जानकारी प्राप्त गर्दछन् (Simpson, 1993, p.11) . यस अभिव्यक्तिले दृष्टिविन्दुपात्र प्रयोगमा विभिन्न सामाजिक सन्दर्भहरूको उपयोग गरिने कुरालाई स्पस्ट्याएको छ। लेखकले त्यस पात्रका माध्यमबाट लैङ्गिकता, जातीयता, सीमान्तीयता तथा सांस्कृतिक, राजनीतिक, आर्थिक आदि विविध विषयवस्तुको अभिव्यक्ति गर्न खोजेको हुन्छ। कथाकारले त्यसै पात्रको चरित्राङ्कनका माध्यमबाट आफ्ना विशेष अभिरुचिका विषयहरूलाई समेत विमर्शका रूपमा प्रयोग गरेको हुन्छ। यस्ता विशेष रुचियुक्त विमर्शहरू एउटै लेखकका पनि कृतिअनुसार फरकफरक हुन सक्दछन् (बरई, २०८०, पृ. २४६) । अतः लैङ्गिकता, जातीयता, सीमान्तीयता, पर्यावरण, संस्कृति, राजनीति, अर्थव्यवस्था आदि विविध क्षेत्रको द्योतन गर्नुका साथै अन्य विभिन्न विमर्शसम्बन्धी पक्ष र अवधारणाहरूको प्रस्तुति लेखकले दृष्टिविन्दुपात्रका माध्यमबाट गर्न खोजेको कुरा स्पष्ट हुन्छ ।

वैदेशिक रोजगारीगत पीडाको यथार्थाङ्कन, पुरुषको प्रभुत्ववादी, स्वार्थी र पतनोन्मुख अवस्थाको अभिव्यक्ति तथा मातृत्वको रक्षा र सन्तानप्रतिको दायित्वको सर्वोपरिताजस्ता सूचकका आधारमा दृष्टिविन्दुपात्रका माध्यमबाट कथामा अभिव्यक्त विमर्शको अध्ययन गर्न सकिन्छ। वैदेशिक रोजगारीका कारण उत्पन्न विषम परिस्थितिको द्योतन गर्ने र नेपालमै रोजगारीको यथेष्ट अवसरको सिर्जना भई नेपालीहरूलाई बस्ने परिवेशको निर्मिति हुनुपर्ने विमर्शलाई वैदेशिक रोजगारीगत पीडाको यथार्थाङ्कनले बोध गराउँछ। यसैगरी पुरुषको प्रभुत्ववादी, स्वार्थी र पतनोन्मुख अवस्थाको अभिव्यक्तिले पुरुषहरू सचेत र संवेदनशील भई मानवधर्म इमानदारी र जवाफदेहिताका साथ पूरा गर्नुपर्ने विमर्श प्रस्तुत गर्दछ। त्यसैगरी मातृत्वको रक्षा र सन्तानप्रतिको दायित्वको सर्वोपरितासम्बन्धी अवधारणाले महिलाहरू मातृत्व रक्षा र सन्तानप्रतिको दायित्वलाई सर्वोपरि महत्त्व दिई समाजका निम्ति अनुकरणीय र प्रेरणादायी बन्न सक्नुपर्ने विमर्शको अभिव्यक्तिमा जोड दिन्छ। अतः यिनै सैद्धान्तिक पर्याधारको केन्द्रीयतामा प्रस्तुत लेखलाई पूर्ण बनाइएको छ।

### विश्लेषणीय प्रारूप र विधि

वैदेशिक रोजगारीगत पीडाको यथार्थाङ्कन, पुरुषको प्रभुत्ववादी, स्वार्थी र पतनोन्मुख अवस्थाको अभिव्यक्ति तथा मातृत्वको रक्षा र सन्तानप्रतिको दायित्वको सर्वोपरिता गरी तीनओटा विश्लेषणीय प्रारूपका आधारमा भागीरथी श्रेष्ठको 'मातृत्व' कथाको दृष्टिविन्दुपात्रका माध्यमबाट अभिव्यक्त विमर्शात्मक पक्षको अध्ययन गरिएको छ। गुणात्मक अनुसन्धान ढाँचा र पाठविश्लेषणात्मक शोधविधिको उपयोग गरी यस लेखलाई पूर्ण बनाइएको छ। दृष्टिविन्दुपात्रको सिद्धान्तलाई आधार बनाई बहुसत्यमा विश्वास गर्ने अनुसन्धान पद्धतिको उपयोग गरी सूचकअनुसारका प्रस्तुत कथाबाट तथ्य, साक्ष्य र उद्धरण खोजी तिनको व्याख्या र विश्लेषण गरी यस लेखलाई परिपाकमा पुऱ्याइएको छ।

## विश्लेषण र नतिजा

भागीरथी श्रेष्ठको 'मातृत्व' कथामा आन्तरिक केन्द्रीय दृष्टिविन्दुको प्रयोग गरिएको छ। उक्त कथाको विमर्शको प्रस्तुतीकरण र बोधको माध्यम पात्र अर्थात् दृष्टिविन्दुपात्रको भूमिकामा ममतालाई आबद्ध गरिएको छ। समाख्याताको भूमिकामा रहेकी ममताद्वारा आफ्नै जीवनको कथाव्यथाको प्रस्तुति उक्त कथामा गरिएको छ। उक्त पात्रको केन्द्रीयतामा निर्मित यस कथाको विमर्शात्मक पक्षको विश्लेषण र विश्लेषणबाट प्राप्त नतिजालाई यहाँ प्रस्तुत गरिएको छ।

### वैदेशिक रोजगारीगत पीडाको यथार्थाङ्कन

भागीरथी श्रेष्ठको 'मातृत्व' कथाकी दृष्टिविन्दुपात्र ममताका माध्यमबाट वैदेशिक रोजगारीगत पीडाको यथार्थाङ्कन गरिएको छ। प्रस्तुत कथाको समाख्याताको भूमिकामा समेत रहेकी ममताकै माध्यमबाट उक्त कुराको अभिव्यक्ति गरिएको छ। नेपालमा रोजगारीका राम्रा अवसर नभएकाले

रोजगारीका निम्ति बर्सेनी हजारौँ नेपालीहरू बिदेसिने तथा बिदेसिने, कलकारखानामा काम गर्ने क्रम आदिमा दुर्घटनामा परी ज्यान गुमाउने नेपालीहरू पनि प्रशस्तै देखिन्छन् । यस्ता दुर्घटनाले एकातिर घरमा आर्थिक जोह गर्ने व्यक्तिको दुःखद अन्त्य हुन्छ भने अर्कातिर त्यस सदस्यमाथि आश्रित परिवारको जीवनपद्धति अत्यन्त कष्टकर, अभावमय र समस्याग्रस्त हुन पुग्दछ । यसै कुराको अङ्कन यस कथामा गरिएको छ । ममता, उसको पति एवम् उसका छोराछोरी राम्रोसँग पारिवारिक जीवन व्यतीत गरिरहनु, घरको आर्थिक अवस्था सुधार्नाका निम्ति ममताको पति वैदेशिक रोजगारका निम्ति प्रस्थान गर्दा गन्तव्य स्थलमा नपुग्दै विमान दुर्घटना भई ज्यान गुमाउनु, परिवारका निम्ति आर्थिक जोह गर्ने र सामाजिक सुरक्षा दिने व्यक्तिको मृत्यु हुँदा ममताको परिवारमाथि ठुलो सङ्कट पर्नु, सामाजिक सुरक्षा र सन्तानको भरणपोषणमा सहयोग पुग्ने अभीष्टका साथ ममताले आफ्नै पतिको मिल्ने साथी सुबोधले आफूले सघाउने बाचा गर्दा उसलाई प्रेमीका रूपमा वरण गर्दा ममताको जीवन झनै कष्टकर र आलोचनात्मक बन्दै जानु, स्वार्थी सुबोधले ममतालाई आफ्नो विकृत कामवृत्तिपूर्तिको साधन बनाउँदा तथा ममताका छोराछोरीलाई उपेक्षा र अपमान गर्दा ममता र उसका छोराछोरी साह्रै अप्ठ्यारोमा पर्नुजस्ता घटनावली र कार्यव्यापारको प्रस्तुति यस कथामा गरिएको छ । ममताद्वारा वर्णित यी अभिव्यक्तिले उनको परिवारमाथि आइपरेको सङ्कटको द्योतन गर्दछन्, "एउटा हवाईजहाज दुर्घटनाले मेरा छोराछोरीलाई टुहुरा बनायो । कलकलाउँदो उमेरमै मेरो सिन्दूर पुछियो । मेरा चुरा फोरिए (पृ.३६) । प्रस्तुत कथांशले वैदेशिक रोजगारीका सिलसिलामा ज्यान गुमाउने व्यक्ति, विवाहिता नारीहरू विधवा हुने र तिनका छोराछोरी विचल्लीमा पर्ने नेपाली समाजको वास्तविकताको चित्रण उक्त कथामा गरिएको कुरालाई प्रस्ट्याएको छ ।

भागीरथी श्रेष्ठको 'मातृत्व' कथाकी सन्देशबाहकपात्र ममताकै माध्यमबाट पुरुषहरू एकल महिलाहरूको विषम परिस्थितिबाट फाइदा उठाउने तथा विषम परिस्थितिमा सहयोगको अपेक्षा राखी कुनै पुरुषलाई प्रेमी बनाउँदा पीडित परिवारको झनै समस्या बढ्ने प्रतिकूल परिस्थितिको समेत अभिव्यक्ति गरिएको छ । सामाजिक लाञ्छना, आलोचना आदि सहेर भए पनि आफूलाई सामाजिक सुरक्षा होला र छोराछोरीको भविष्यनिर्माणमा सहयोग पुग्ला भन्ने उद्देश्यका साथ कतिपय एकल महिलाहरूद्वारा परपुरुषलाई साथी बनाइँदा उनीहरूको जीवन झनै चुनौतीपूर्ण बनेको विषयको प्रस्तुति पनि यस कथामा गरिएको छ । प्रस्तुत कथाको सुबोध भन्ने पुरुषले ममताको पतिको मृत्युपश्चात्को अवस्थामा ममतालाई प्रेमिका बनाउने, उससँग शारीरिक सम्बन्ध राख्ने, उसलाई आफ्नो विकृत कामवासनाको सिकार बनाउने, सधैँ उससित आक्रामक तरिकाले यौनवृत्तिको पूर्ति गर्ने, उसका छोराछोरीलाई देख्नै नचाहने, छोरी हराउँदा पनि खोज्न नजाने, मोटरसाइकल दुर्घटनामा परी अस्पतालमा भर्ना भएको कुरा थाहा पाउँदा समेत बेवास्ता गर्ने, ममताले सधैँका लागि सम्बन्ध तोड्न खोज्दा समाजमा नङ्ग्याई पतन गराउने धम्की दिनेजस्ता कार्यव्यापारको प्रस्तुतिका माध्यमबाट नेपाली समाजमा कलिलै उमेरमा पति गुमाएका महिला र तिनका छोराछोरीको विचल्ली भएको तथा पुरुषहरू

त्यस्ता महिला र बालबालिकाहरूको जीवनलाई झनै कष्टकर र चुनौतीपूर्ण बनाएको कुराको अभिव्यक्ति पनि उक्त कथामा गरिएको छ । उल्लिखित कुरालाई तलको कथांशद्वारा थप प्रस्ट्याइएको छ :

> 'म त चाहन्छु तिमी तिम्रा छोराछोरीलाई भन्दा पनि मलाई बढ्ता माया गर ।' सुबोधको कुरा सुनेर एकछिन त चित्त दुख्यो ।.... बच्चाले डिस्टर्ब गरेको मन पर्दैन मलाई । पैसा दिएर बाहिर खान जाऊ भन ।' ....'अरू कुरा थाहा छैन । खुरुक्क ढोका लगाएर यहाँ आऊ ।' उसको कडा निर्देशन मान्नै पऱ्यो । मैले कोठाको ढोका लगाएँ ।....'आज सिनेमाको कार्यक्रम राखेको छु । तयार होऊ । बच्चाहरूलाई घरैमा छोड ।'.... 'म तिम्रो जीवन बरबाद गरिदिन्छु । बदनाम गरिदिन्छु ।' अकोशपूर्ण धम्कीको स्वर थियो । (पृ.४५, ४७ र ५२)

उपर्युक्त कथांशले एकल महिलाले कुनै परपुरुषलाई प्रेमी बनाउँदा प्रेमीले उसका सन्तानलाई बेवास्ता गर्ने, उक्त महिलाप्रति एकल अधिकार र प्रभुत्व कायम गर्न खोज्ने, आफ्नो इच्छाअनुसार उक्त महिलालाई प्रयोग गर्न खोज्ने, महिलाले प्रतिरोध गर्न खोज्दा आफ्नो र उसको बिचको अवैध सम्बन्ध बाहिर ल्याई महिलालाई सामाजिक लोकाचारका दृष्टिले पतित गराइदिनेलगायतको धम्की दिने तथा यस्तो व्यवहारले एकल महिला र तिनका छोराछोरीको जीवन झनै चुनौतीपूर्ण बन्न सक्ने कुराको प्रस्तुति भागीरथी श्रेष्ठको 'मातृत्व' कथामा गरिएको कुरालाई छर्लङ्ग्याएको छ । उल्लिखित तथ्यलाई वरण गर्दा ममताकै माध्यमबाट एकातिर कथाकार श्रेष्ठद्वारा वैदेशिक रोजगारीका कारण उत्पन्न हुने विषम र दुःखदायी परिस्थिति एवम् देशमै जीवनयापन गर्न पाउनुपर्ने परिवेशको निर्मिति हुनुपर्ने विमर्शलाई पाठकसमक्ष पुऱ्याइएको छ भने अर्कातिर पाठकले ममताकै सेरोफेरोमा प्रस्तुत कथाको पठन गर्दा सहजतासाथ उक्त विमर्श बोध गर्ने पद्धतिको पनि अवलम्बन गरिएको छ । उपर्युक्त विषयवस्तुलाई सामान्यीकरण गर्दा नेपालमा यथेष्ट परिमाणमा रोजगारीका अवसरहरूको सिर्जना गर्नुपर्ने, नेपालीहरू नेपालमै बसी आम्दानी गर्ने उपायहरू अवलम्बन गर्नुपर्ने, नेपालीहरूको वैदेशिक पलायन रोकिनुपर्ने, महिलाहरू बडो सचेत, सावधान र संवेदनशील भई जीवनयापन गर्नुपर्ने, महिलाको जीवनलाई बदनाम गराउन खोज्ने पुरुषहरूलाई सामाजिक र कानुनी रूपमा दण्डित गर्नुपर्ने, पुरुषहरूमा मानवता, सकारात्मकता र लोककल्याणको भाव विकसित हुनुपर्नेलगायतका विमर्शको प्रस्तुति यस कथाकी सन्देशबाहक पात्र ममताकै माध्यमबाट गरिएको सार प्राप्त हुन्छ ।

## पुरुषको प्रभुत्ववादी, स्वार्थी र पतनोन्मुख अवस्थाको अभिव्यक्ति

कथाकार भागीरथी श्रेष्ठको 'मातृत्व' कथाकी प्रमुख पात्र ममताकै कोणबाट पुरुषको प्रभुत्ववादी, स्वार्थी र पतनोन्मुख अवस्थाको अभिव्यक्ति गरिएको छ । नेपाली समाज पितृसत्तात्मक संरचनामा आबद्ध छ । नेपाली समाजका पुरुषहरू आफूलाई शक्तिशाली र महिलालाई कमजोर ठान्ने गर्दछन् । आफूलाई श्रेष्ठ ठानी आफूले गरेको हरेक निर्णय महिलाले हुबहु स्विकार्नुपर्ने, आफ्नो जस्तोसुकै निर्णयलाई महिलाले इमानदारीका साथ पालना गर्नुपर्ने, महिलाले पुरुषीय विमर्शमाथि आलोचनात्मक

टिप्पणी गर्दा आफ्नो सम्मानमा आघात पुऱ्याएको, आफ्नो सीमा नाघेको र पतनतर्फ उन्मुख भएको कुरा बुझ्ने तथा हरेक दृष्टिले महिलालाई शासित देखाउन खोज्ने प्रवृत्तिबाट कतिपय पुरुषहरू ग्रसित हुन्छन् । कतिपय नेपाली पुरुषहरू महिलाहरूको प्रतिकूल र असहज परिस्थितिको आँकलन गरी उनीहरूसित निकटता बढाउने, सहयोग गर्ने नाममा प्रेमसम्बन्ध कायम गर्ने, क्षणिक समयमै प्रेमको नाटक गरी यौनसम्बन्ध पनि कायम गर्ने, आफ्नो प्रेमजालमा परिसक्दाको अवस्थामा आफ्नो इच्छाअनुसार प्रयोग गर्न खोज्ने, उनीहरूलाई आक्रामक तरिकाले आफ्नो विकृत कामवृत्तिपूर्तिको साधन बनाउने, पुरुषको इच्छालाई नकार्दा नाजायज सम्बन्धलाई बाहिर ल्याई सामाजिक र नैतिक रूपले पतित गराइदिने कुरा गरी धम्क्याउने तथा महिलालाई आफूप्रति पूर्ण रूपले वफादार बनी र समर्पित भई सदैव प्रयोग र मनोरञ्जनको साधन बनाउने मनस्थितिबाट प्रेरित हुन्छन् । प्रभुत्वशाली वर्गले निर्माण गरेको विचारधारालाई सीमान्त वर्गले पूर्ण रूपमा जस्ताको तस्तै वा सहमतीय आधारमा स्वीकार गर्न सक्ने वा पूर्ण रूपमा अस्वीकार गर्न सक्ने विचार पनि ग्राम्सीले अभिव्यक्त गरेका छन् (गौतम, २०७५, पृ. १०० मा उद्धृत) । यस विचारलाई आत्मसात् गर्दा प्रभुत्वशाली पुरुषहरूले सिर्जना गरेका हरेक विचारलाई महिलाले हुबहु स्विकार्न कर लगाउँछन् । यिनै कुराको अभिव्यक्ति प्रस्तुत कथाकी समाख्याता ममताकै कोणबाट गरिएको छ । रोजगारीका निम्ति विदेश जाने क्रममा पतिको मृत्यु भएका कारण छोराछोरीको भविष्य निर्माण र सामाजिक सुरक्षाका निम्ति आफ्नै पतिको मिल्ने साथी सुबोधसँग प्रेमसम्बन्ध कायम गर्दाका अवस्थामा सुबोधले ममताप्रति आफ्नो पूर्ण प्रभुत्व कायम गर्न खोज्छ, उसले आफूले उत्पादन गरेको हरेक विचारधारा ममतालाई हुबहु स्वीकार गर्न कर लगाउँछ । उसको चाहे बच्चाका निम्ति राखिएको खाजा खाइदिने कार्य होस् अथवा बच्चालाई जबरजस्ती घरमा बस्न बाध्य गराई ममताका साथमा चलचित्र हेर्न जाने कुरा होस्, चाहे विद्यालयबाट तत्कालै घर आई खाजासमेत नखाँदै र बच्चाहरूले नचाहँदानचाहँदै पनि पैसा दिई बच्चाहरूलाई बाहिर पठाउने कुरा होस् वा ममता शारीरिक र मानसिक रूपमा अस्वस्थ हुँदा पनि उसलाई आफ्नो विकृत कामवृत्तिपूर्तिका निम्ति बाध्य बनाउने कार्यकलाप होस्, उसले आफ्नो विचार ममतामाथि एकहोरो ढङ्गले थोपरेको छ । उसले ममतालाई भनेको "म त चाहन्छु तिमी तिम्रा छोराछोरीलाई भन्दा पनि मलाई बढ्ता माया गर" (पृ.४५) भन्ने अभिव्यक्तिले ममतामाथि उसले आफ्नो एकल अधिकार र पूर्ण वर्चस्व कायम गर्ने तथा ममताका छोराछोरीलाई पनि पाखा लगाउने मानसिकताबाट उद्यत रहेको विषयलाई छर्लङ्ग्याएको छ । ममताको आफ्नै घरमा उसका छोराछोरीले विद्यालयबाट फर्की खाजा खान खोजिरहँदा तथा उनीहरूको खाजाको भागसमेत सुबोधले खाइसक्दाका अवस्थामा ममतासँग व्यक्त गरेको "बच्चाले डिस्टर्ब गरेको मन पर्दैन मलाई । पैसा दिएर बाहिर खान जाऊ भन" (पृ.४५) भन्ने अभिव्यक्तिले पनि सुबोधको पुरुषीय अहम्तालाई बोध गराउँछ । अतः प्रस्तुत कथामा ममताले सुबोधसित प्रेमसम्बन्ध तोड्नुभन्दा पूर्ववर्ती समयमा सुबोधले ममताप्रति आफ्नो आधिपत्य कायम गरेको तथा सुबोध शोषक, पीडक र शासक एवम् ममता शोषित, पीडित र शासित बनेको कुरा स्पष्ट हुन्छ ।

भागीरथी श्रेष्ठको 'मातृत्व' कथाकी दृष्टिविन्दुपात्र ममताकै कोणबाट पुरुषको स्वार्थपूर्ण मनस्थितिको द्योतन गरिएको छ। विमान दुर्घटनामा पति गुमाई चरम मानसिक सन्तापसहित टुहुरा छोराछोरीका साथमा विषम परिस्थितिसित सङ्घर्षरत रहँदाका अवस्थामा प्रेमको नाटक गरी ममताको प्रेमी बन्नु, ममताका छोराछोरीप्रति न्यूनतम मानवीय व्यवहारसमेत नगर्नु र तिनलाई सधैँ शत्रुवत् व्यवहार गर्नु, ममतालाई सदैव आफ्नै सेवामा समर्पित रहनाका निम्ति बाध्य तुल्याउनु, ममतालाई आफ्नो विकृत कामवृत्तिपूर्तिका निम्ति उसको प्रतिकूल अवस्थामा समेत विवश तुल्याउनु, ममतालाई केवल आक्रामक कामवृत्तिपूर्तिको साधनका रूपमा मात्र प्रयोग गर्नु, ममताको कुनै पनि इच्छा र मनोभावको ख्याल नगर्नु, ममतालाई सन्तानविहीन युवतीका रूपमा मात्र हेर्न खोज्नु, ममताका छोराछोरीलाई आवासीय विद्यालयमा भर्ना गराई घरमा आफू र ममतामात्र रहने प्रबन्ध मिलाउनाका निम्ति ममतालाई बारम्बार दबाब दिनु, ममता सन्तानवती भएको र छोराछोरीप्रतिको उसको दायित्व बिर्सनु, ममताको मातृवको सधैँ अपमान र उपेक्षा गर्नु, ममतालाई केवल मनोरञ्जनका साधनका रूपमा प्रयोग गर्न उद्यत हुनु, ममताले प्रेमसम्बन्ध टुटाउन खोज्दा ममता र आफूबिचको अवैध सम्बन्धलाई समाजसमक्ष पुऱ्याई ममतालाई नङ्ग्याइदिने वा सामाजिक लोकाचारका दृष्टिले पतित तुल्याइदिने धम्कीपूर्ण अभिव्यक्तिका माध्यमबाट ममतालाई नियन्त्रण गरी पूर्ववत् ढङ्गले कामवासनापूर्तिको साधन बनाइरहने मानसिकताबाट प्रेरित रहनुजस्ता सुबोधसँग सम्बद्ध कार्यव्यापारको प्रस्तुतिका माध्यमबाट दृष्टिविन्दुपात्र ममताद्वारा पुरुषको स्वार्थी मनोवृत्तिलाई पाठकसमक्ष पुऱ्याइएको छ। उल्लिखित कार्यव्यापारका माध्यमबाट सुबोधले ममतासँग हार्दिक र वास्तविक प्रेम नगरी उसको शरीर र यौनसँग मात्र प्रेम गरेको कुरालाई समेत प्रस्ट्याइएको छ।

भागीरथी श्रेष्ठको 'मातृत्व' कथाकी समाख्याता ममताकै कोणबाट पुरुषको पतनोन्मुख अवस्थाको प्रस्तुति गरिएको छ। विवाह भएको सीमित समयमा पति गुमाई बेसहारा बनी आफ्नो सुरक्षा र छोराछोराको भविष्यनिर्माणलाई लिई मानसिक चिन्ता, सन्ताप र पीडादायी जीवन व्यतीत गरिरहने एकल महिला ममताको विषम परिस्थितिको फाइदा उठाउनाका निम्ति प्रेमको नाटक गरी ममतालाई प्रेमिका बनाउनु, उसका छोराछोरी घरमा बसेको वा रमाइलो गरेको जस्ता गतिविधि हेर्नै नखोज्नु, छोराछोरीका निम्ति ममताले बनाएका खाजासमेत खाइदिनु, ममताका साथमा उसका छोराछोरीलाई बाहिर पनि जान नदिनु, ममता बिरामी भएको अवस्थामा समेत उसलाई यौनसम्बन्ध राख्न बाध्य तुल्याउनु, ममताकी छोरी हराउँदा पनि कुनै प्रकारको सहयोग नगर्नु, मोटरसाइकल दुर्घटनामा परी ममताकी छोरी अस्पतालमा भर्ना भएको कुरा पाहा पाउँदासमेत आफ्नो पेट दुखेको बहाना बनाई घरमै बसिरहनु, ममताले पतनोन्मुख अवस्था थाहा पाई प्रेमसम्बन्धलाई टुटाउन खोज्दा सामाजिक रूपमा नङ्ग्याइदिने धम्कीका माध्यमबाट ममतालाई सधैँ बन्धक बनाउन खोज्नुजस्ता सुबोधसँग सम्बद्ध कार्यव्यापारका माध्यमबाट पुरुषको पतनोन्मुख अवस्थालाई पाठकसमक्ष पुऱ्याइएको छ। यस कुरालाई प्रस्तुत कथाका निम्नलिखित कथांशका माध्यमबाट थप प्रस्ट्याइएको छ :

"म त चाहन्छु, तिमी तिम्रा छोराछोरीलाई भन्दा पनि बढ्ता माया मलाई गर ।" सुबोधको कुरा सुनेर एक छिन त चित्त दुख्यो ।....त्यो दिन कपाल दुखिरहेथ्यो । जिउ भारी भइरहेथ्यो । मन चटक्चटक् भइरहेख्यो । मलाई बोल्न मन लागेको लिएन । "ढोका लगाइदेऊ ममता !" सुबोधको आदेश थियो । "छोराछोरी आइपुग्छन् । आज सन्चो पनि छैन ।" मैले भनेँ । "धेरै बहाना नगर । आजकल तिमी निर्जीवजस्तै लाग्छ ।" मुख बिगारेर भन्नुभयो सुबोधले ।

"कति सजीव भइराख्ने त ? जिउको पनि ख्याल गर्नुपर्छ, समयको पनि ध्यान दिनुपर्छ ।"

"अरू कुरा थाहा छैन । खुरुक्क ढोका लगाएर यहाँ आऊ ।" उहाँको कडा निर्देशन मान्नै पर्‍यो । मैले कोठाको ढोका लगाएँ । एकैछिनपछि छोराछोरी "आमा ! भामा ! भन्दै आइपुगे । ढोका खोल्नुपर्‍यो । ....

सुबोधले मेरो बिमारीमाथि पनि वास्ता गर्नुहुन्नथ्यो । सधैँ मलाई कोपर्न, लुछ्न र चाट्न चाहनुहुन्थ्यो । यति बेला मलाई भयङ्कर द्वन्द्वले च्याप्थ्यो ।...."म तिम्रो जीवन बरबाद गरिदिन्छु । बदनाम गरिदिन्छु ।" आक्रोशपूर्ण धम्कीको स्वर थियो । (पृ.४६, ४७, ४८ र ५२)

उपर्युक्त कथांशले एउटी महिलाको छोराछोरीप्रतिको कर्तव्य र दायित्वलाई वहन गर्न नदिने, छोराछोरीलाई तिनकै आमाद्वारा उपेक्षित गराई विचल्ली गराउन खोज्ने, आमा र सन्तानबिचको हार्दिक सम्बन्ध देखिनसहने, ममतामयी आमाको दया, माया र ममताको उपहास गर्ने, महिला अस्वस्थ र यौनशमनका निम्ति तयार नभएको र छोराछोरी घरमै भएको अवस्थामा छोराछोरीलाई जबरजस्ती घरबाहिर पठाउन र ढोका बन्द गर्न लगाई विकृत कामवृत्तिको पूति गर्ने कार्यमा संलग्न भइरहँदाका अवस्थामा ती महिलाका छोरीछोरीको आगमन हुँदा तिनले थाहा पाउने गरी कोठाबाट बाहिरिने, सन्तानका नजरमा पनि ती महिलालाई गिराउन खोज्ने, महिला (प्रेमिका) जति बिरामी भए पनि आक्रामक तरिकाले यौनेत्तजनाको पूर्ति गर्ने, महिलासित न्यूनतम मानवीय व्यवहार पनि नगर्ने, उसको विवशता र विषम परिस्थितिको फाइदामात्र उठाइरहने, महिलाले प्रेमसम्बन्ध तोडी मानसिक तनाव र शारीरिक उत्पीडनबाट मुक्त हुन खोज्दा आफ्नो र महिलाबिचको नाजायज सम्बन्ध समाजसमक्ष ल्याई सामाजिक लोकाचार र नैतिक दृष्टिले पतित (बदनाम) तुल्याउने धम्कीका माध्यमबाट सदैव महिलालाई आफ्नो नियन्त्रणमा राख्न खोज्नेजस्ता सुबोधसँग सम्बद्ध कार्यव्यापारको प्रस्तुतीकरणका माध्यमबाट पुरुषको पतनोन्मुख अवस्थालाई छर्लङ्ग्याएको छ । यस विषयवस्तुको माध्यमबाट पुरुषले महिलासित लैङ्गिक समालोचनाको अवधारणाअनुसारको आचरण र व्यवहार गर्नुपर्ने दृष्टिकोण पनि पाठकसमक्ष सञ्चार गर्न खोजिएको छ । मानवसमाजमा लैङ्गिक विषमतागत मान्यतालाई विस्थापित गरी समानता र समताको अवधारणा प्रतिस्थापित गर्ने प्रयासका रूपमा लैङ्गिक समालोचनालाई चिनाइएको छ ( पाण्डे, २०६९, पृ.१) । यसैगरी यस समालोचनाले लैङ्गिक समविकासको अवधारणा प्रस्तुत गर्दछ ( ढकाल, २०७०, पृ.३३२) । त्यसैगरी मनुष्य हुनुको न्यूनतम गरिमाबाट समेत वञ्चित तुल्याइएका

महिलाको विकासका निम्ति यो समालोचना क्रियाशील रहन्छ (अग्रवाल, सन् २०१४, पृ.१५)। उल्लिखित विषयवस्तुलाई अवलम्बन गर्दा कथाकार श्रेष्ठद्वारा एकातिर पाठकलाई पुरुषको प्रभुत्ववादी, स्वार्थी र पतनोन्मुख अवस्थाको पर्यवलोकन ममताकै आँखाबाट (दृष्टिकोणबाट) गराउन खोजिएको छ भने अर्कातिर पुरुषहरूले आफ्ना दुर्गुणहरूको आत्मसमीक्षा गरी आफूलाई सच्याई मानवधर्म र जीवनमूल्य तथा लैङ्गिक समालोचनाको अवधारणाअनुसारको आचरण र व्यवहार अवलम्बन गर्नुपर्ने विमर्शलाई पनि दृष्टविन्दुपात्र ममताकै कोणबाट पाठकसमक्ष सञ्चार गर्न खोजिएको छ। उपर्युक्त विषयवस्तुलाई वरण गर्दा पुरुषले प्रभुत्ववादी, स्वार्थयुक्त र पतनोन्मुख आचरण र व्यवहारलाई त्यागी महिलाहरूप्रति लैङ्गिक समतायुक्त व्यवहार गर्नुपर्ने, हार्दिक प्रेम, सहयोग र समर्पणका माध्यमबाट एकल महिला र तिनका सन्तानको मन जित्नुपर्ने, असहाय, निरीह र कमजोर महिलालाई सहयोग गरी प्रेरणादायी व्यक्ति बन्नुपर्ने, मानवधर्म र कर्तव्यलाई संवेदनशीलता र इमानदारिताका साथ पूरा गर्नुपर्ने तथा सकारात्मकता, जीवनमूलप्रवृत्ति र लोककल्याणको अवधारणाअनुसारको आचरण र व्यवहार अपनाई मानवजीवनलाई सार्थक बनाउनुपर्ने विमर्शको अभिव्यक्ति प्रस्तुत कथामा गर्न खोजिएको निष्कर्ष प्राप्त हुन्छ ।

## मातृत्वको रक्षा र सन्तानप्रतिको दायित्वको सर्वोपरिता

कथाकार भागीरथी श्रेष्ठको 'मातृत्व' कथाकी दृष्टिविन्दुपात्र ममताको चरित्राङ्कनका माध्यमबाट मातृत्वको रक्षा र सन्तानप्रतिको दायित्वको सर्वोपरितासम्बन्धी विमर्शलाई पाठकसमक्ष पुऱ्याइएको छ। मातृत्व शब्दले आमा हुनुको पन, गुण वा अवस्था भन्ने अर्थबोध गराउँछ। मातृत्वले सन्तानवती महिलाहरूले आमा हुनुको गरिमा र दायित्वलाई संवेदनशीलताका साथ जोगाउनुपर्ने तथा आफ्ना सन्तानलाई सर्वोपरि महत्त्व दिनुपर्ने विमर्शलाई बोध गराउँछ। आमाहरू आफ्ना वैयक्तिक स्वार्थ, आवश्यकता र इच्छालाई तिलाञ्जली दिएर पनि आफ्ना सन्तानको भविष्यनिर्माण, भरणपोषण र आवश्यकताको पूर्तिमा आफूलाई संवेदनशीलता र जवाफदेहिताका साथ समर्पित तुल्याउँछन्। जस्तोसुकै प्रतिकूलतासित पनि सङ्घर्ष गर्दै आमा हुनुको महिमा र सन्तानप्रतिको जिम्मेवारीलाई इमानदारीका साथ वहन गर्नु महिलाहरूको परम कर्तव्य मानिन्छ। प्रस्तुत कथाकी दृष्टिविन्दुपात्र ममताको चरित्राङ्कनका माध्यमबाट यिनै विचारलाई पाठकसमक्ष पुऱ्याउन खोजिएको छ। पतिको मृत्युपश्चात् सिर्जित विषम परिस्थितिमा आफ्नै पतिसित अत्यन्तै मिल्ने पतिको साथी सुबोधलाई प्रेमी वरण गर्दा उसबाट पतिले जस्तै आफू र आफ्ना सन्तानलाई माया, सुरक्षा र सहयोग प्राप्त हुन सक्छ भन्ने अभीष्टका साथ सुबोधलाई प्रेमी बनाउने ममताको कार्यले उनमा रहेको मातृत्व चेतलाई बोध गराउँछ। आफूले सोचे र कल्पना गरेजस्तो आचरण र व्यवहार प्रेमी सुबोधबाट नगरिँदा अत्यन्त पीडाबोध गर्ने तथा उक्त व्यक्तिमा निकट भविष्यमा परिवर्तन भई ऊ उनका छोराछोरीलाई माया गर्न थालिई तिनको भविष्यनिर्माणमा सहयोगी बन्ने छ भन्ने कुरामा ममता आशावादी देखिन्छिन्। कलिला छोराछोरीका निम्ति तयार पारिएको खाजा सुबोधले एक्लै खाइदिँदा, कामोत्तेजना शमनका निम्ति

बालबालिकालाई जबरजस्ती बाहिर पठाइदिँदा, ममताका छोराछोरीहरू एक्लै घरमा नबसी आमाका साथमा चलचित्र हेर्न जाने कुरा गर्दा सुबोधले जबरजस्ती तिनलाई घरमै राख्न लगाई चलचित्र हेर्न जाँदा, बच्चाका निम्ति खेल सामग्री, मिठाइ आदि किन्दा सुबोध आक्रोशित र खिन्न हुँदा, छोरी चन्द्रमा हराई नमिल्दाका अवस्थामा प्रहरीले खोजी समाचार प्रसारण गर्दा भेटिने कुरा बताउँदा, मोटरसाइकल दुर्घटनामा परी छोरी अस्पतालमा भर्ना भएको खबर थाहा पाउँदा पेट दुखेको बहाना बनाई घरमै बसी ममता सानो छोरासहित अस्पताल पुग्दा, छोराछोरीलाई आवासीय विद्यालयमा भर्ना गराई तिनलाई त्यहीँ बस्ने प्रबन्ध मिलाउने कुरा गर्दा लगायतका अवस्थामा ममताको अत्यन्त मर्माहत र चिन्तित हुने मनस्थितिले ममताभित्र रहेको सन्तानप्रतिको माया र कर्तव्य एवम् मातृत्व चेतको सबलतालाई बोध गराउँछन् । सुबोधको करकाप र नियन्त्रणका कारण आमासँग चलचित्र हेर्न जान नपाई घरमा छोराछोरी रोइरहँदाका अवस्थामा चलचित्र हेर्न विवश भएकी ममता चलचित्र प्रदर्शन भइरहँदाका अवस्थामा ममताद्वारा वर्णित निम्नलिखित कथांशले उनको मातृत्व चेतलाई थप प्रस्ट्याउँछन् :

> तयार भएर सिनेमा हेर्न गयौँ तर कुनै रमाइलो गर्न सकिनँ । के हेरेँ थाहा भएन । सिनेमा कसरी सुरु भयो र कसरी समाप्त भयो मेरो दिमागले केही बुझेन । दुबै छोराछोरी रोएको दृश्य झलझली आँखाको नानीभित्र नाचिरह्यो । कहिले जाऊँजस्तो भयो । छोराछोरीप्रति असाद्धे माया र ममता जागेर आयो । सुबोधको जिस्क्याइँले ममा केही मिठो असर गरेन । एउटा काँडाले घोचेजस्तो अनुभव गरेँ । (पृ.४८)

उल्लिखित कथांशले सन्तानलाई दुःखी देखेर आमा कहिल्यै खुसी हुन नसक्ने, सन्तान दुःखी हुँदा आमालाई असह्य पीडा हुने, सन्तानको माया र स्नेहका सामुन्ने प्रेमीको न्यानो काखको माया पनि निरस र पीडादायी हुने, आमाका निम्ति उसका सन्तान नै सर्वाधिक प्रिय हुने तथा आमाहरू सन्तानप्रतिको दायित्वलाई संवेदनशीलताका साथ पूरा गरी आमा हुनुको गरिमालाई जोगाउनुपर्ने विमर्शलाई भागीरथी श्रेष्ठको 'मातृत्व' कथाकी केन्द्रीय पात्र ममताका माध्यमबाट पाठकसमक्ष सञ्चार गर्न खोजिएको कुरालाई छर्लङ्ग्याएको छ ।

कथाकार भागीरथी श्रेष्ठको 'मातृत्व' कथाकी सन्देशबाहक पात्र ममताको चरित्रचित्रणका माध्यमबाट महिलाले आफ्नो यौनसुखको तिलाञ्जली दिई वैयक्तिक चाहना र आवश्यकतालाई पाखा लगाई मातृत्वको रक्षा र सन्तानप्रतिको कर्तव्यलाई आफ्नो जीवनको मूल लक्ष्य बनाउनुपर्ने विमर्शलाई पाठकसमक्ष सम्प्रेषण गर्न खोजिएको छ । ममतालाई सुबोधसँगको प्रेमसम्बन्धले यौनसुखको प्राप्ति भए पनि सुबोधले उनका छोराछोरीलाई चरम अपमान र उपेक्षा गर्ने तथा उनीहरूको भरणपोषण र भविष्यनिर्माणमा अवरोधक साबित हुँदाका अवस्थामा ममताको जीवनको सर्वाधिक महत्त्वको पाटो मातृत्व र सन्तानप्रतिको दायित्व परपुरुषबाट पूरा हुन नसक्ने कुराको उनले निश्चितता गर्दछिन् । सुबोधसँगको प्रेमसम्बन्ध मातृत्वरक्षाका निम्ति बाधक बन्न सक्ने कुरा मनमा स्मरण गरिरहँदाकै

अवस्थामा सुबोधले ममतासँग ममता परिवर्तन हुनुको कारण सोध्दा ममतामा उत्पन्न निम्नलिखित मनस्थितिले ममताको मातृत्व चेतलाई थप स्पस्ट्याउँछन् :

> मेरो अन्तरआत्माको असन्तोषको कोचिएको पोको पोख्ने ठिक ठाउँ थियो यो । मेरो वेदनाले पाकेको घाउ फुटिसकेको थियो । सत्य र न्यायका लागि कठिन जीवन सुरु भए पनि केही छैन । सुबोध मेरो जीवनरुखमा जोडिएको मसिनो हाँगा हो भने छोराछोरी मेरो जीवनरुखका जरा, हाँगाबिगा र फल सबै हुन् । छोराछोरीलाई लत्याएर सुबोधलाई सकारूँ यो मेरो जीवनको भयङ्कर भुल र अपराध हुने छ । त्यो भुल र अपराधलाई कसैले पनि क्षमा गर्ने छैन । सुबोधलाई लत्याएर छोराछोरीलाई च्यापूँ यो मेरो त्याग र धर्म हुने छ । स्वार्थ हुने छैन । (पृ.५१)

उपर्युक्त कथांशले सन्तानवती एकल महिलाले जस्तोसुकै विषम परिस्थितिमा पनि आफ्नो मातृत्वको रक्षा र सन्तानप्रतिको दायित्वलाई सर्वाधिक प्राथमिकतामा राख्नुपर्ने, सन्तानलाई पाखा लगाई प्रेमीलाई वरण गर्दा सामाजिक लोकाचारका दृष्टिले पनि क्षम्य नभई समाज र मातृत्वका निम्ति कलङ्कित बन्नुपर्ने, प्रेमीलाई त्यागी सन्तानप्रतिको दायित्व दृढ मानसिकता र आत्मविश्वासका साथ सङ्घर्षपूर्ण ढङ्गले वहन गर्दा समाजका निम्ति उदाहरणीय र प्रिय बन्न सकिने तथा यथेष्ट परिमाणमा मानसिक सन्तुष्टि र खुसी पनि प्राप्त हुने एवम् बालबालिकाहरूको भरणपोषण र भविष्यनिर्माण पनि हुन सक्ने विमर्शलाई भागीरथी श्रेष्ठको 'मातृत्व' कथाकी प्रमुख पात्र ममताको मानसिक प्रतिक्रियाका माध्यमबाट पाठकसमक्ष पुऱ्याइएको कुरालाई छर्लङ्ग्याएको छ। सोही मनस्थितिका आधारमा उनले आफूमा प्रतिरोधी चेतनाको विकास गर्दछिन् । प्रभुत्वशाली व्यक्ति वा वर्गले सीमान्त व्यक्ति वा वर्गमाथि गरेको अन्याय, अत्याचार, विभेद आदिका विरुद्धमा सीमान्त व्यक्ति वा वर्गद्वारा पुऱ्याइने अवरोध नै प्रतिरोध हो (राई, २०७८–२०७९, पृ.१५७) । ममताले आफ्नानिम्ति छोराछोरी नै सर्वोपरि भएको निर्णय सुनाउँदाका अवस्थामा ममताले सुबोधसँग व्यक्त गरेकी निम्नलिखित अभिव्यक्तिले पनि उनको मातृत्व चेतलाई थप छर्लङ्ग्याउँछन् : "तपाईंको हस्तक्षेप र अधिकारभित्र बाँच्न चाहन्नँ । दुइटा छोराछोरीलाई आफ्नो जीवन आधार मानेर बाँच्ने छु । मेरा छोराछोरीको माया नै ठुलो हो र सम्पूर्ण छ । मलाई कसैको सहारा अब जरुरत छैन । मलाई छोडिदिनुस् । मलाई मुक्ति दिनुस् (पृ.५२) । उल्लिखित कथांशले आमाका निम्ति छोराछोरी नै जीवन बाँच्नुको मूल आधार र सर्वस्व भएको, छोराछोरीको भविष्यनिर्माणमा अवरोधक बन्ने प्रेमीको कुनै औचित्य नरहेको तथा एउटी आमाका निम्ति उसका सन्तान नै सारा सुख र समृद्धिको आधार भएको कुराका माध्यमबाट महिलाहरूको मातृत्व रक्षा र सन्तानप्रतिको दायित्वलाई 'मातृत्व' कथाले बोध गराउन खोजेको कुरालाई छर्लङ्ग्याएको छ । उपर्युक्त तथ्यहरूलाई अवलम्बन गर्दा महिलाहरूले मातृत्वको रक्षा र सन्तानप्रतिको दायित्वलाई सर्वोपरि महत्त्व दिनुपर्ने, सन्तानकै भविष्यनिर्माणका निम्ति आफूलाई समर्पित तुल्याउनुपर्ने, सन्तानकै खुसी र समृद्धिमा आफ्नो खुसी र समृद्धि देख्नुपर्ने तथा सन्तानप्रतिको दायित्व वहनका माध्यमबाट समाजका निम्ति

उदाहरणीय र प्रेरणादायी महिला बन्नुपर्ने विमर्शलाई ममताकै माध्यमबाट पाठकसमक्ष पुऱ्याउन खोजिएको सार प्राप्त हुन्छ ।

## निष्कर्ष

भागीरथी श्रेष्ठको 'मातृत्व' कथाकी दृष्टिविन्दुपात्र ममताका माध्यमबाट अभिव्यक्त विमर्शसम्बन्धी तथ्यहरूलाई सामान्यीकरण गर्दा नेपालमा रोजगारीका यथेष्ट अवसरहरूको सिर्जना गरिनुपर्ने, नेपालीहरूको वैदेशिक पलायन रोकिनुपर्ने, कुनै कारणवश युवती अवस्थामा विधवा बनेका युवतीहरू सम्मानका साथ जीवनयापन गर्ने सामाजिक परिवेशको निर्मिति हुनुपर्ने, महिलाले मातृत्वको रक्षा र सन्तानप्रतिको दायित्वलाई सर्वोपरि महत्त्व दिनुपर्ने, पुरुषहरू पुरुषीय दम्भ र स्वार्थलाई त्यागी मानव हुनुको सार्थकतालाई जोगाउनुपर्ने तथा सकारात्मकता, जीवनमूलप्रवृत्ति र लोककल्याणलाई अवलम्बन गर्दामात्र मानव जीवन सार्थक र उदाहरणीय बन्न सक्ने निष्कर्ष प्राप्त हुन्छ । वैदेशिक रोजगारीका कारण कैयौँ नेपालीहरूको अकालमै मृत्यु भई तिनीमाथि आश्रित आमाबुवा, पत्नी र छोराछोरीहरूको विचल्ली हुने भएकाले देशमा यथेष्ट परिमाणमा रोजगारीको अवसर सिर्जित हुनुपर्ने, वैदेशिक पलायन रोकिनुपर्ने तथा आफ्ना परिवारका सदस्यसित नेपालमै बसी यथेष्ट आम्दानीका साथ जीवनयापन गर्ने परिवेशको निर्मिति हुने र यसो गर्दा राज्य लोककल्याणकारी बन्न सक्ने विमर्शलाई प्रस्तुत कथाकी केन्द्रीय पात्र ममताका माध्यमबाट पाठकसमक्ष सम्प्रेषण गरिएको छ । यसैगरी पुरुषले पुरुषीय प्रभुत्व, स्वार्थी प्रवृत्ति र पतनोन्मुख आचरण र व्यवहार त्यागी सकारात्मकता, जीवनमूलप्रवृत्ति र लोककल्याणको अवधारणालाई आत्मसात् गरी महिला र बालमैत्री आचरण र व्यवहार वरण गरी जीवनमूल्य र मानव हुनुको सार्थकतालाई सिद्ध गर्नुपर्ने विमर्शको पर्यवलोकन पनि यस कथाकी समाख्याता ममताकै माध्यमबाट गराउन खोजिएको छ । त्यसैगरी कुनै कारणवश पतिको मृत्यु हुँदा एकल महिला तमाम चुनौती र विषम परिस्थितिको सामना गर्नुपर्ने, परपुरुष र अन्य व्यक्तिहरूबाट पीडित र अपहेलित हुनुपर्ने एवम् मातृत्व रक्षा र सन्तानको भविष्यनिर्माणको कार्य बाँधित हुन सक्ने परिस्थितिको मूल्याङ्कन गरी परपुरुषको आचरण र व्यवहारगत वास्तविकता बोध गरी मात्र साथी बनाउनुपर्ने, मातृत्वरक्षा र सन्तानप्रतिको दायित्व वहनमा बाधक बन्ने जोकोहीलाई आफ्नो सामीप्यबाट पाखा लगाउनुपर्ने, आफ्नो अस्तित्वरक्षा एवम् सन्तानप्रतिको दायित्व र कर्तव्य पूरा गरी समाजका निम्ति उदाहरणीय र प्रेरणादायी बन्नुपर्ने विमर्श पनि ममताकै माध्यमबाट पाठकसमक्ष पुऱ्याइएको छ । अतः देशमा यथेष्ट रोजगारीको सिर्जना भई सम्पूर्ण नेपालीलाई नेपालमै बस्ने परिवेशको निर्मिति हुनुपर्ने, नेपालीहरू आफ्नै देशमा बसी रोजगार, व्यवसाय आदिका माध्यमबाट आयआर्जन गरी जीवनयापन गर्नुपर्ने, वैदेशिक पलायन रोकिनुपर्ने, पुरुषहरू संवेदनशील र जवाफदेही भई महिला एवम् अन्य व्यक्तिका छोराछोरीप्रति मानवोचित व्यवहार गर्नुपर्ने, महिलाहरूको विषम परिस्थितिलाई स्वार्थप्रतिका निम्ति अवसर नबनाई उनीहरूसित लैङ्गिक समतायुक्त व्यवहार गर्नुपर्ने, महिलाहरूले पुरुषहरूसित

बडो संवेदनशीलता र होसियारीपूर्वक सम्बन्ध कायम गर्नुपर्ने, महिला र पुरुष दुबैले सामाजिक लोकाचार र नैतिकताका दृष्टिले आफूलाई जोगाउनुपर्ने, महिलाले मातृत्वको रक्षा र सन्तानप्रतिको दायित्वलाई सर्वोपरि महत्त्व दिनुपर्ने एवम् सकारात्मकता, जीवनमूलप्रवृत्ति र लोककल्याणको अवधारणामा आधारित आचरण र व्यवहार अवलम्बन गर्दामात्र मानव जीवनको सार्थकता र जीवनमूल्यको रक्षा भई मानव जीवन अनुकरणीय र प्रेरणादायी बन्न सक्ने विमर्श, यस्तो पद्धतिको प्रयोगले एकल पात्रीय सारवस्तुगत पद्धतिलाई कलात्मक परिपाकमा पुऱ्याई यस कथालाई कलात्मक बनाएको तथा लेखकले जनहितकारी साहित्यरचना एवम् अध्येता र समालोचकले दृष्टिविन्दुपात्रको केन्द्रीयतामा साहित्यिक कृतिको अध्ययन गर्ने कार्यमा सघाउने निष्कर्ष प्राप्त हुनु नै यस लेखको निष्कर्षात्मक प्राप्ति हो ।

## सन्दर्भ सामग्रीसूची

अग्रवाल, रोहिणी (सन् २०१४), *साहित्य की जमीन और स्त्री मन के उच्छवास*, नयी दिल्ली : वाणी प्रकाशन।

गौतम, कृष्ण (२०७५),*मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म*, काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स।

ढकाल, रजनी (२०७०), 'सांस्कृतिक अध्ययनमा लैङ्गिकता', *भृकुटी* (भाग १९, असार), पृ. ३२६– ३३३ ।

नेपाल, घनश्याम (सन् २०११), आख्यानका कुरा (पुनर्मुद्रित संस्क.), सिलगढी : एकता बुक हाउस प्रा.लि. ।

पाण्डे, ज्ञानू (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

बरई, त्रिभुवन (२०८०), 'आख्यानात्मक संरचना : सिद्धान्त र प्रयोग', *बर्दघाट प्रज्ञा दर्पण,* १(१), पृ. ८०–९९ ।

बरई, त्रिभुवन (सन् २०२४), 'भुन्टीको भविष्य कथामा सीमान्तीयता', *भैरहवा क्याम्पस जर्नल,* ६, पृ. १३८–१५२ ।

बरई, त्रिभुवन (२०८०), *भवानी भिक्षुका कथामा दृष्टिविन्दु,* त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत गरिएको अप्रकाशित शोधप्रबन्ध।

राई, यशोदा (२०७८—२०७९), 'खगेन्द्र सङ्ग्रौलाका कथामा प्रतिरोधी चेतना', *prajna Journal,* 123(1),p.154-165, https://doi.org/10.3126/prajna.v123i1.50254.

शर्मा, मोहनराज (२०६६), आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना, काठमाडौँ : क्वेस्ट पब्लिकेसन।

श्रेष्ठ, दयाराम (२०३९), पच्चीस वर्षका नेपाली कथा, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान।

श्रेष्ठ, दयाराम (२०७९), *कथा दर्शन,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

श्रेष्ठ, भागीरथी (२०४३), क्रमशः, ललितपुर : साझा प्रकाशन।

Brown, D. (2021). …Tips for writing third person limited point of viewÚ. Retrived from www.masterclass.com. January 19. 2021.

Kress, N. (2013). *Write great fiction*. Ohio : Writer's digest books.

Simpson, P. (2015) *Language, ideology and point of view* (Reprinted). London : Routledge.

Vogrin, V. (2003) . …Point of view the complete menuÚ. *Writing fiction : The practice guide* (J. Lahiri, Trans.) . Virginia : Palimpsest book production limited. pp. 79-105.